# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**साविकको नाम : साना किसान विकास बैंक लि.**

(नेपाल राष्ट्र बैंकबाट'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय,सुविधानगर,तिनकुने,काठमाडौं, नेपाल**

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा हुने बढुवाको लागि दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०७६/०९/१०)**

यस वित्तीय संस्थाको आ.व.२०७६/०७७ को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरबन्दीमा रिक्त रहेका तपसिलका पद र तहमा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा हुने पदपूर्तिका लागि मिति २०७६ असार मसान्तसम्ममा कर्मचारी सेवा विनियमावली २०६२ बमोजिम सम्भाव्य भएका उम्मेदवारहरुले बढुवा प्रकृयामा सहभागी हुनका लागि दरखास्त फाराम भर्नुपर्ने भएकोले विज्ञापन नम्बर र आवेदन गरेको पद उल्लेख गरी परीक्षा दस्तुर सहित तोकिएको ढांचामा तोकिएको म्यादभित्र दरखास्त फाराम बुझाउनहुन जानकारी गराईन्छ । पाठ्यक्रम तथा आवेदन फाराम यस वित्तीय संस्थाको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुन परीक्षा दस्तुर वापत अधिकृतस्तरको लागि रु.१,०००।- र सहायक स्तरको लागि रु.५००।- तोकिएको हुँदा केन्द्रीय कार्यालयको प्रभु बैंक लि. टेकुमा रहेको चल्ती खाता नं. १३९००१००७२८५०२००००४ मा आवेदकको नाम उल्लेख गरी रकम जम्मा गरेको भौचर संलग्न राख्नु पर्नेछ । आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुन दरखास्त फाराम भरी विज्ञापन प्रकाशन भएको मितिले ३० दिन भित्र र दोब्बर दस्तुर तिरी दरखास्त फाराम बुझाउने अन्तिम मिति पछि ७ दिनसम्म बुझाउन सकिनेछ । सम्बन्धित उम्मेदवारले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा दरखास्त फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लिखित परीक्षाको मिति र परीक्षा केन्द्र पछि तोकिने छ ।

**विज्ञापन नं., पदपूर्ति हुने पद, श्रेणी, तह र आवश्यक पद संख्या :**

| **क्र.सं** | **विज्ञापन नम्वर** | **पदहरु** | **श्रेणी** | **तह** | आवश्यक पद संख्या |
|---|---|---|---|---|---|
| १ | १४/२०७६/०७७ | वरिष्ठ अधिकृत | अधिकृत तृतीय | ७ | २ |
| २ | १५/२०७६/०७७ | वरिष्ठ सहायक | सहायक प्रथम | ५ | २ |

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं

वेबसाइटः www.skbbl.com.np

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**साविकको नाम : साना किसान विकास बैंक लि.**
(नेपाल राष्ट्र बैंकबाट'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)
**केन्द्रीय कार्यालय,सुविधानगर,तिनकुने,काठमाडौं, नेपाल**

## कार्यसम्पादन मूल्याङ्कन तथा आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदहरुको पदसंख्या निर्धारण गरेको सूचना

(प्रकाशित मिति २०७६/०९/१०)

यस वित्तीय संस्थाको आ.व.२०७६/०७७ को वार्षिक वजेट तथा कार्यक्रममा व्यवस्था भए अनुसार स्थायी कर्मचारी दरबन्दीमा रिक्त रहेका पदहरुमा पदपूर्तिको लागि कार्य सम्पादन मूल्याङ्कन (फाइल बढुवा) तथा आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गर्न तपसिल अनुसार निर्धारण भएका पदहरुमा सेवा अवधि २०७६ साल आषाढ मसान्तसम्म योग्य भएका उम्मेदवारहरुबाट पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>तपसिल</u>**

| क्र.सं | पदहरु | श्रेणी | तह | बढुवाको लागि छुट्ट्याइएको दरबन्दी | | पदपूर्ति हुने जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| | | | | कार्य सम्पादन मूल्यांकन | आन्तरिक प्रतियोगिता | |
| १ | वरिष्ठ अधिकृत | अधिकृत तृतीय | ७ | २ | २ | ४ |
| २ | वरिष्ठ सहायक | सहायक प्रथम | ५ | २ | २ | ४ |

**पदपूर्ति समिति**
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं